## जन गणतंत्र चीन सरकार र श्री ५ को सरकार बीच राजपथ निर्माणको विषयमा भएको संझौता

जन गणतंत्र चीन सरकार र श्री ५ को सरकारले

दुई देशको बीच भएको शान्ति र मैत्रीको सन्धिको सिलसिलामा

र

दुई देशको बीच रहेको मैत्री संबन्ध र आर्थिक आदान-प्रदानलाई बढता दृढीकरण गर्ने हेतुले

जन गणतंत्र चीनको तिब्बती क्षेत्र देखि नेपाल अधिराज्यको काठमाण्डू सम्म राजपथ निर्माण गर्न मंजुर गरी वर्तमान संमझौता गरेका छन्, जसका धाराहरू निम्न प्रकार छन् ।

### धारा एक

जन गणतंत्र चीनको तिब्बती क्षेत्र देखि नेपाल अधिराज्यको काठमाण्डू सम्म चीनिया क्षेत्रमा पर्ने सो राजपथको भाग निर्माण गर्ने जिम्मेवारी जन गणतंत्र चीन सरकारको हुने छ । तथा नेपाल अधिराज्यमा पर्ने राजपथको भाग निर्माण गर्ने जिम्मावारी श्री ५ को सरकारको हुनेछ ।

श्री ५ को सरकारको अनुरोधमा जन गणतंत्र चीन सरकारले नेपाल अधिराज्य भित्र पर्ने राजपथ बनाउनको निमित्त श्री ५ को सरकारलाई बिना मुआवजा तथा कुनै शर्त तथा विशेष अधिकार रहित सन् १९६२ जुलाई १ तारिख देखि १९६६ जुन ३० तारिख सम्म किस्ता बन्दीका रूपमा आर्थिक सहायता दिने छ । यो सहायताको रकम पैंतिस लाख पाउण्ड स्टर्लिंग हुने छ ।

## धारा दुई

उपरोक्त सहायता अन्तर्गत जन गणतंत्र चीन सरकारले श्री ५ को सरकारलाई देहायका सहायता समेत दिन मंजुर गर्द छ:-

१) विशेषज्ञहरू पठाउने र प्राविधिक सहायता दिने

२) राजपथ निर्माण सम्बन्धी कामलाई आवश्यक कलपूर्जा र सरसामान को सहायता

३) नेपाल अधिराज्यका प्राविधिक तथा शिल्पज्ञ तालिम सम्बन्धी सहायता

## धारा तीन

जन गणतंत्र चीन सरकारले नेपाल अधिराज्यमा पठाएका विशेषज्ञ र प्राविधिकहरूलाई र श्री ५ को सरकारले जन गणतंत्र चीनमा पठाएका शिक्षार्थी हरूलाई सन १९६० मार्च २१ मा पेकिंगमा श्री ५ को सरकार र जन गणतंत्र चीन सरकारको बीच भएको आर्थिक सहायता विषयको समझौता अन्तर्गत धारा चारमा दिए अनुसारको प्रबन्ध हुने छ ।

## धारा चार

जन गणतंत्र चीन सरकारले पठाएका विशेषज्ञद्वारा स्थानीय सर्वेक्षण समाप्त भएपछि दुई सरकारले उपर्युक्त राजपथको बाटो ( Route ), त्यसको निर्माण कार्य क्रम र त्यसलाई पूर्णरूपले कार्यान्वित गर्ने तरिका र किस्तावन्दी सहायता प्रदान विधिमा छलफल र निर्णय गर्न प्रतिनिधिहरू नियुक्त गर्ने छन् तथा आवश्यक कार्य विधि (प्रोटोकल) मा हस्ताक्षर गर्ने छन् ।

## धारा पांच

यो समझौता हस्ताक्षर भएको मिति देखि लागु भएको मानिने छ ।

मुकाम पेकिंग विक्रम संवत २०१८ आश्विन २९ रोज १ का दिन तदनुसार सन् १९६१ अक्टुवर १५ तारिखका दिन नेपाली चीनियां र अंग्रेजी भाषामा प्रत्येकको दुई दुई कापीमा सबै बराबर किसिमले प्रमाणित हुने गरी यो समझौता पत्रमा हस्ताक्षर गरियो ।

| | |
|---|---|
| 陈 毅 | |
| हस्ताक्षर | हस्ताक्षर |
| जन गणतंत्र चीन सरकारका सर्वाधिकार संपन्न | श्री ५ को सरकारका सर्वाधिकार संपन्न |